**"मीठे बच्चे– तिमीलाई सतोप्रधान बन्नु छ, त्यसैले बाबालाई प्रेमले याद गर।पारसनाथ शिवबाबा तिमीलाई पारसपुरीको मालिक बनाउन आउनु भएको छ।"**

**प्रश्नः–** तिमी बच्चाहरू कुन एउटा कुराको धारणाबाट नै महिमा योग्य बन्छौ?

**उत्तरः–** धेरै-धेरै निर्माणचित्त बन। कुनै पनि कुराको अहंकार हुनु हुँदैन। अति मीठो बन्नु छ। अहंकार आयो भने दुश्मन बन्न पुग्छन्। ऊँच वा नीच पवित्रताको आधारमा बनिन्छ। जब पवित्र हुन्छन् मान हुन्छ, अपवित्र भएपछि सबैलाई ढोग्छन्।

**ओम् शान्ति।** रूहानी बाबा बसेर बच्चाहरूलाई सम्झाउनुहुन्छ। बाबाले पनि सम्झनुहुन्छ– म यी बच्चाहरूलाई सम्झाउँछु। यो पनि बच्चाहरूलाई सम्झाइएको छ– भक्तिमार्गमा भिन्न-भिन्न नामले अनेकौं चित्रहरू बनाउँछन्। जस्तै नेपालमा पारसनाथलाई मान्छन्। उनको धेरै ठूलो मन्दिर छ। वास्तवमा केही पनि छैन। ४ वटा ढोका छन्, ४ वटा मूर्तिहरू छन्। चौथोमा कृष्णलाई राखिएको छ। अब सायद केही परिवर्तन गरिएको हुन सक्छ। अब पारसनाथ त अवश्य पनि शिवबाबालाई नै भनिन्छ। मनुष्यहरूलाई पारसबुद्धि पनि उहाँले नै बनाउनुहुन्छ। त्यसैले पहिले-पहिले उनीहरूलाई यो सम्झाउनु पर्छ– उच्चभन्दा उच्च हुनुहुन्छ भगवान्, त्यसपछि हो सारा दुनियाँ। सूक्ष्म वतनको सृष्टि त कुनै छैन। पछि हुन्छन् लक्ष्मी-नारायण वा विष्णु। वास्तवमा विष्णुको मन्दिर पनि गलत छ। विष्णु चतुर्भुज, चार भुजावाला मनुष्य त कोही हुँदैन। बाबाले सम्झाउनुहुन्छ– यी लक्ष्मी-नारायण हुन्, जसलाई एकसाथ विष्णुको रूपमा देखाएका छन्। लक्ष्मी-नारायण त दुवै अलग-अलग छन्। सूक्ष्मवतनमा विष्णुको ४ भुजा देखाउँछन् अर्थात् दुवैलाई मिलाएर चतुर्भुज बनाएका छन्, तर यस्तो कोही हुँदैन। मन्दिरमा जसलाई चतुर्भुज देखाउँछन् त्यो हो सूक्ष्मवतनको। चतुर्भुजलाई शंख, चक्र, गदा, पद्म आदि लिएको देखाउँछन्। यस्तो केही होइन। चक्र त तिमी बच्चाहरू सँग छ। नेपालमा विष्णुको ठूलो मूर्ति क्षीर सागरमा देखाइएको छ (बुढानीलकण्ठमा)। पूजाका दिनहरूमा अलिकति दूध हालिदिन्छन्। बाबाले एक-एक कुरा धेरै राम्रो सँग सम्झाउनुहुन्छ। यसरी कसैले पनि विष्णुको अर्थ सम्झाउन सक्दैन। जानेकै छैनन्। यो त भगवानले स्वयं सम्झाउनुहुन्छ। भगवान् भनिन्छ शिवबाबालाई। हुन त एक हुनुहुन्छ तर भक्ति मार्गवालाहरूले अनेक नाम राखिदिएका छन्। तिमीले अब अनेक नाम लिंदैनौ। भक्तिमार्गमा धेरै धक्का खान्छन्। तिमीले पनि खायौ। अहिले तिमीले कुनै मन्दिर आदि देख्यौ भने सम्झाउँछौ– सबैभन्दा उच्च हुनुहुन्छ भगवान्, सुप्रिम सोल, निराकार परमपिता परमात्मा। आत्माले शरीरद्वारा भन्छ– ओ परमपिता। उहाँको फेरि महिमा पनि छ ज्ञानका सागर, सुखका सागर। भक्तिमार्गमा एकका अनेक चित्र छन्। ज्ञानमार्गमा त ज्ञानसागर एउटै हुनहुन्छ। उहाँ नै पतित-पावन, सर्वका सद्गति दाता हुनुहुन्छ। तिम्रो बुद्धिमा सारा चक्र छ। उच्चभन्दा उच्च परमात्मा हुनुहुन्छ। उहाँ कै लागि गायन छ– सिमर-सिमर सुख पाओ अर्थात् एक बाबालाई नै याद गर अथवा सिमरण गरिरह्यौ भने तनका कलह-क्लेष जति सबै मेटिनेछन्, फेरि जीवनमुक्ति पाउने छौ। यो जीवनमुक्ति हो नि। बाबाबाट यो सुखको वर्सा मिल्छ। एक्लै यिनलाई मात्र मिल्दैन। अवश्य राजधानी हुन्छ अर्थात् बाबाले राजधानी स्थापना गरिरहनु भएको छ। सत्ययुगमा राजा, रानी, प्रजा सबै हुन्छन्। तिमीले ज्ञान प्राप्त गरिरहेका छौ, त्यसैले गएर ठूलो कुलमा जन्म लिनेछौ। धेरै सुख मिल्छ। जब त्यसको स्थापना हुन्छ तब छी-छी आत्माहरू सजाय खाएर फर्केर जान्छन्। आफ्नो-आफ्नो सेक्सनमा गएर बस्नेछन्। यति सबै आत्माहरू आइरहन्छन् फेरि वृद्धि हुँदै जान्छ। माथिबाट कसरी आउँछन् भन्ने कुरा बुद्धिमा रहनु पर्छ। यस्तो त होइन दुई पातको बदलामा दश पातहरू एकैचोटी आउनु पर्छ। होइन, क्रमै सँग पातहरू निस्कन्छन्। यो धेरै ठूलो वृक्ष हो। एक दिनमा लाखौंको वृद्धि भएको देखाउँछन्। पहिले सम्झनु छ– उच्चभन्दा उच्च भगवान् हुनुहुन्छ, पतित-पावन, दु:ख-हर्ता, सुख-कर्ता पनि उहाँ नै हुनुहुन्छ। जति पनि दु:खी आत्माहरू छन्, उनीहरू सबैलाई आएर सुख दिनुहुन्छ। दु:ख दिनेवाला हो रावण। बाबा आउनु भएको छ, त्यसैले आएर सम्झनु छ– यो कुरा मनुष्यहरूलाई थाहै छैन। धेरै त सम्झेर पनि फेरि बाहिर निक्लन्छन्। जसरी स्नान गर्दा-गर्दै गोडा चिप्लिन्छ भने पानीभित्र गइन्छ। बाबा त अनुभवी हुनुहुन्छ नि। यो त विषय सागर हो। बाबाले तिमीलाई क्षीर सागर तर्फ लैजानुहुन्छ। तर मायारूपी गोहीले राम्रा-राम्रा महारथीहरूलाई पनि खाइदिन्छ। जीवन छँदै बाबाको गोदबाट मरेर रावणको गोदमा जान्छन् अर्थात् मर्छन्। तिमी

बच्चाहरूको बुद्धिमा छ– उच्चभन्दा उच्च बाबाले फेरि रचना रच्नुहुन्छ। सूक्ष्मवतनको इतिहास-भूगोल त हुँदैन। जान त तिमी सूक्ष्मवतनमा जान्छौ, साक्षात्कार गर्छौ। वहाँ चतुर्भुज पनि देख्छौ। चित्रमा छ नि। त्यो बुद्धिमा बसेको छ, त्यसैले अवश्य साक्षात्कार हुन्छ। तर यस्तो कुनै कुरा होइन। यी भक्तिमार्गका चित्रहरू हुन्। अहिलेसम्म भक्तिमार्ग चलिरहेको छ। भक्तिमार्ग पूरा भएपछि यी चित्रहरू रहनेछैनन्। स्वर्गमा यी सबै कुरा भुल्नेछौ। यी लक्ष्मी-नारायण चतुर्भुजका दुई रूप हुन्, यो कुरा अब बुद्धिमा बसेको छ। लक्ष्मी-नारायणको पूजा अर्थात् चतुर्भुजको पूजा। लक्ष्मी-नारायणको मन्दिर या चतुर्भुजको मन्दिर कुरा एउटै हो। यी दुईको ज्ञान अरू कसैलाई पनि छैन। यी लक्ष्मी-नारायणको राज्य हुन्छ, यो कुरा तिमीले नै जानेका छौ। विष्णुको राज्य त भनिदैन। यिनले पालना पनि गर्छन्। सारा विश्वको मालिक हुन्, त्यसैले पालना पनि विश्वको गर्छन्।

शिव भगवानुवाच– म तिमीलाई राजयोग सिकाउँछु। आफूलाई आत्मा सम्झेर बाबालाई याद गर्यौ भने यस योग अग्निले विकर्म विनाश हुन्छन्। विस्तारमा सम्झाउनु पर्छ। भन, यो पनि गीता हो। केवल गीतामा कृष्णको नाम राखिदिएका छन्। यो त गलत हो, सबैको ग्लानि गरिदिएका छन् त्यसैले दुनियाँ तमोप्रधान बनेको छ। अहिले कलियुगी दुनियाँको अन्त भएको छ, यसलाई भनिन्छ तमोप्रधान आइरन एज। जो सतोप्रधान थिए, उनीहरूले नै ८४ जन्म लिएका छन्। जन्म-मरणमा त अवश्य आउनु छ। जब पूरै ८४ जन्म लिन्छन् तब बाबालाई आउनु पर्छ– पहिलो नम्बर आत्माको तनमा। एउटाको मात्र कुरा होइन। यिनको त सारा राजधानी थियो नि फेरि हुनु छ। बाबा सबैको लागि भन्नुहुन्छ– आफूलाई आत्मा सम्झेर बाबालाई याद गर्यौ भने योग अग्निले पाप काटिनेछ। काम चितामा बसेर सबै काला भएका छन्। अब कालोबाट गोरो कसरी बन्ने? त्यो त बाबाले नै सिकाउनुहुन्छ। कृष्णको आत्मा अवश्य भिन्न-भिन्न नाम रूप लिएर आउँछन्। जो लक्ष्मी-नारायण थिए, उनलाई नै फेरि ८४ जन्मपछि त्यही बन्नु छ। त्यसैले उनको धेरै जन्मको अन्त्यमा बाबा आएर प्रवेश गर्नुहुन्छ। फेरि उनी सतोप्रधान विश्वको मालिक बन्छन्। पारसनाथलाई पुज्छन्, शिवलाई पनि पुज्छन्। अवश्य पनि उनलाई शिवले नै यस्ता पारसनाथ बनाउनु भएको हुनु पर्छ। टीचर त चाहिन्छ नि। उहाँ हुनुहुन्छ ज्ञान सागर। अब सतोप्रधान पारसनाथ बन्नु छ भने बाबालाई धेरै प्यारले याद गर। उहाँ नै सबैको दुःख हर्नेवाला हुनुहुन्छ। बाबा त सुख दिनेवाला हुनुहुन्छ। यो हो काँडाको जंगल। बाबा आउनु भएको छ फूलको बगैंचा बनाउन। बाबाले आफ्नो परिचय दिनुहुन्छ। म यिनको साधारण वृद्ध तनमा प्रवेश गर्छु, जसले आफ्ना जन्महरूलाई जान्दैनन्। भगवानुवाच– मैले तिमीलाई राजयोग सिकाउँछु। त्यसैले यो ईश्वरीय विश्व विद्यालय हो। यसको लक्ष्य नै छ राजा-रानी बन्ने, त्यस्तै अवश्य प्रजा पनि बन्छन्। मनुष्यहरू योग-योग धेरै भन्छन्। निवृत्त मार्गवालाहरूले त अनेक हठयोग गर्छन्। उनीहरूले राजयोग सिकाउन सक्दैनन्। बाबाको हो नै एक प्रकारको मात्र योग। केवल भन्नुहुन्छ– आफूलाई आत्मा सम्झेर म बाबालाई याद गर। ८४ जन्म पूरा भएका छन्, अब घर फर्केर जानु छ। अब पावन बन्नु छ। एक बाबालाई याद गर, बाँकी सबैलाई छोड। भक्तिमार्गमा तिमीले महिमा गर्थ्यौ– हजुर आउनुभयो भने हामी हजुरकै साथ रहने छौं। उहाँबाट अवश्य वर्सा मिलेको थियो नि। आधा कल्प हुन्छ स्वर्ग फेरि हुन्छ नर्क। रावण राज्य सुरु हुन्छ। यसरी सम्झनु पर्छ। आफूलाई देह नसम्झ। आत्मा अविनाशी हो। आत्मामा नै सारा पार्ट भरिएको छ, जसलाई तिमीले बजाउँछौ। अब शिवबाबालाई याद गर्यौ भने जीवन बेडा पार हुन्छ। संन्यासीहरू पवित्र बन्छन् त्यसैले उनीहरूको कति मान हुन्छ। सबैले शिर झुकाउँछन्। पवित्रताको आधारमा नै ऊँच-नीच बन्छन्। देवताहरू हुन्छन् बिलकुलै उच्च। संन्यासीहरू फेरि एक जन्म पवित्र बन्छन्, फेरि दोस्रो जन्म त विकारबाटै लिन्छन्। देवताहरू हुन्छन् नै सत्ययुगमा। अब तिमी पढ्छौ फेरि पढाउँछौ पनि। कसैले पढ्छन् तर अरूलाई सम्झाउन सक्दैनन् किनकि धारणा भएको हुँदैन। बाबा भन्नुहुन्छ– तिम्रो तकदिरमा छैन भने बाबाले के गर्ने? बाबाले यदि सबैलाई बसेर आशीर्वाद दिनुभयो भने सबैले छात्रवृत्ति लिनेछन्। त्यो त भक्तिमार्गमा आशीर्वाद दिन्छन्। संन्यासीहरूले पनि यस्तो गर्छन्। गएर उनीहरू सँग माग गर्छन्– मलाई पुत्र होस्, आशीर्वाद दिनुहोस्। ठीक छ, तिमीलाई पुत्र मिल्छ। छोरी जन्मियो भने भन्नेछन् भावी। छोरा भयो भने वाह-वाह गरेर चरणमा पर्छन्, अनि फेरि मर्यो भने रूँदै-कराउँदै गुरुलाई गाली दिन थाल्छन्। गुरुले भन्नेछन् यो भावी थियो। भन्नेछन्– पहिले किन बताउनुभएन। मरेको कोही बाँच्यो भने पनि भन्नेछन् भावी। सबै ड्रामामा निश्चित छ। आत्मा कहाँ लुक्छ। डाक्टरले पनि सम्झन्छन् यो मरिसकेको थियो, फेरि पनि बाँच्यो। चितामा चढिसकेका पनि उठ्छन्। कुनै एकले कसैलाई मान्यो भने उसको पछाडि धेरै पर्छन्।

तिमी बच्चाहरूलाई त धेरै निर्माणचित्त भएर चल्नु छ। अहंकार कति पनि नरहोस्। आजकाल कसैलाई अलिकति

पनि अहंकार देखाउँछन् भने दुश्मनी बढ्छ। धेरै मीठो भएर चल्नु छ। नेपालमा पनि आवाज फैलिने छ। अहिले तिमी बच्चाहरूको महिमाको समय भएको छैन। नत्र उनीहरूको आश्रम (अखाडा) उड्नेछन्। ठूला-ठूलाले बुझेर यदि सभामा सुनाए भने त उनीहरूको पछि धेरै आउँछन्। कुनै पनि एम.पी बसेर तिम्रो महिमा गरोस्– प्राचीन भारतको राजयोग यी ब्रह्माकुमार-ब्रह्माकुमारी बाहेक अरू कसैले सिकाउन सक्दैनन्, यस्तो अहिलेसम्म कोही निक्लेको छैन। बच्चाहरूलाई धेरै होशियार, चमत्कारी बन्नु छ। फलाना-फलानाले भाषण कसरी गर्छन् सिक्नुपर्छ। बाबाले मुरली जुन चलाउनुभयो, कल्प-कल्प ठीक यस्तै चलाउनु भएको थियो। ड्रामामा निश्चित छ। प्रश्न उठ्न सक्दैन– यस्तो किन? ड्रामा अनुसार जे सम्झाउनु थियो त्यो सम्झाएँ। सम्झाइरहनेछु। मानिसहरूले त अथाह प्रश्नहरू गर्नेछन्। भन, पहिले मनमनाभव हुनुहोस्। बाबालाई चिनेपछि तपाईंहरूले सबै कुरा बुझ्नुहुन्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) सेवाको युक्ति सिकेर धेरै होशियार अनि चमत्कारी बन्नु छ। धारण गरेर फेरि अरूलाई गराउनु छ। पढाइबाट आफ्नो तकदिर आफैंले बनाउनु छ।

२) कुनै पनि कुरामा अलिकति पनि अहंकार देखाउनु हुँदैन, अति मीठो र निर्माणचित्त बन्नु छ। मायारूपी गोहीबाट आफ्नो सम्हाल गर्नु छ।

**वरदानः–** समय अनुसार हर कार्यमा सफल हुने ज्ञानी योगी आत्मा भव

ज्ञानको अर्थ नै हो समझ। समझदार उसलाई भनिन्छ, जसले समय अनुसार समझदारी पूर्वक कार्य गर्दै सफलता प्राप्त गर्छ। समझदारको निशानी हो– ऊ कहिल्यै धोका खान सक्दैन। योगीको निशानी हो क्लीन र क्लीयर बुद्धि। जसको बुद्धि क्लीन र क्लीयर छ उसले कहिल्यै पनि भन्दैन थाहा छैन, यस्तो किन भयो! यो शब्द ज्ञानी र योगी आत्माहरूले बोल्न सक्दैनन्, उनीहरूले ज्ञान र योगलाई हर कर्ममा ल्याउँछन्।

**स्लोगनः–** अचल-अडोल ऊ नै रहन्छ, जसले आफ्नो आदि-अनादि संस्कार-स्वभावलाई स्मृतिमा राख्छ।